कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल ।

☎०८३-५२०१०८
☎०८३२२०२७६
email-
redsurkhet@gmail.com
website-
www.eddkarnali.gov.np

प. सं. : २०८०/८१ (सामाजिक विकास शाखा)
च. नं.:

मितिः २०८०/१०/०३

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०३**

यस निर्देशनालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुर्खेत जिल्लाभरिका "ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम" का लागि ८ लाख बजेट विनियोजन भएकोले सुर्खेत जिल्लामा सञ्चालित ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले सात (७) दिन भित्रमा देहायका शर्त अनुसार यस निर्देशनालयको सामाजिक विकास शाखामा कार्यक्रम शीर्षक सहित आर्थिक प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैका लागि यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**शर्तहरु**

१. संस्थाको संस्था दर्ता प्रमाणपत्र, संस्थाको विधान, आ. व. २०८०/०८१ का लागि संस्था नविकरण, संस्थाको प्यान, आ व २०७९/०८० को संस्थाको लेखा परीक्षण प्रतिवेदन एवं कर चुक्ता प्रमाणपत्र र संस्थाको संचालक समितिले प्रस्तावमा समावेश भएका कार्यक्रम संचालन गर्न अनुदान माग गरेको निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ ।
२. संस्थाको कार्य प्रकृति खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिश पत्र पेश गर्नु पर्नेछ ।
३. सोही कार्यक्रम संचालनार्थ अन्य कुनै निकायबाट स्रोत प्राप्त गरे नगरेको समेत खुलाउनु पर्नेछ ।
४. रीत नपुगी तथा म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कार्यवाही गरिने छैन ।
५. प्रस्तावमा पेश भएका कागजातका आधारमा गरिने मुल्याङ्कनको सम्पूर्ण अधिकार निर्देशनालयमा रहनेछ ।
६. कार्यक्रम संचालन, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम गर्नुपर्नेछ ।
७. प्रस्तावना पेश गर्नको लागि सुर्खेत जिल्लामा कार्यक्षेत्र रहेका संस्थाहरु मात्र ग्राह्य हुनेछन् ।
८. अन्य जानकारीका लागि निर्देशनालयको सामाजिक विकास शाखामा वा (९८५८०७६४९१,९८४८०४८१७७) मा सम्पर्क राख्नुहोला ।

दीपा हमाल

**दीपा हमाल**
**नि. निर्देशक**